KRIPA NATIONAL DAILY

# कृपा

राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-१९४ बारा, २०८३ भदौ १९ गते शुक्रबार / अष्टमी / नेपाल संवत् ११४६ / Friday, September 4 2026 / पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

## सहयोग रकम व्यक्तिगत खातामा जम्मा शिक्षक निष्काशित

निजगढ, १८ भदौ/रसुवाको भोटेकोसी बाढी प्रभावितलाई सहयोग गर्ने भन्दै सामाजिक सञ्जाल फेसबुकमा व्यक्तिगत क्यूआर राखेर रकम संकलन गरेको आरोप लागेका निजगढको एक निजी विद्यालयका शिक्षकलाई विद्यालयले निष्कासन गरेको छ ।

झापा घर भइ हाल बाराको निजगढ नगरपालिका- ७ स्थित विद्यासागर ईङ्लिस बोर्डिङ स्कुलमा अध्यापन गर्दै आएका शिक्षक स्वतन्त्र कोइरालालाई विद्यालयले मंगलबार निष्कासन गरेको प्रिन्सिपल अभिषेक मिश्रले जानकारी दिनुभयो ।



भोटेकोशी नदीमा आएको बाढीपीडितका नाममा रकम संकलन गर्न फेसबुकमा 'साथी हो एकले थुकी पो सुकी त, हजारौंले थुकी त नदी' भन्ने भावसहित व्यक्तिगत खाताको क्युआर कोड शेयर गरी रकम उठाएको पाइएपछि गत हप्ता मकवानपुर प्रहरीले उनलाई हेटौडाबाट नियन्त्रणमा लिएको थियो । व्यक्तिगत क्युआर कोड प्रयोग गरी राहत संकलन गर्न खोजेको भन्दै उनलाई नियन्त्रणमा लिई आवश्यक कारबाहीपछि छोडिएको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी माधवराज काफ्लेले जानकारी दिनुभयो ।

तलबी खाता प्रयोग गरेर रकम संकलन गरेकोभन्दै विद्यालयका अभिभावक र विद्यार्थीले कोइरालाको विरोध जनाएपछि उनलाई सेवाबाट बर्खास्त गरिएको प्रिन्सिपल मिश्रको भनाइ छ ।

कोइरालाले बाढी पीडितको सहयोगको लागि राष्ट्रिय वाणिज्य बैंकको व्यक्तिगत खाता (१३००१००००१७३२०३) को क्युआर कोड राखेर सामाजिक सञ्जालमा पोष्ट गरेका थिए । कोइराला रास्वपाका झापाको कार्यकर्ता भएको पनि बताइएको छ ।

## भोटेकोशी बाढी पीडित परिवारलाई मन फुकाएर सहयोग गर्दै निजगढबासी

गोकुल घोरसाइने

निजगढ, १८ भदौ/भोटेकोशी बाढी पीडित परिवारको लागि बाराको निजगढस्थित विभिन्न संघसंस्था र समाजसेवी दाताहरुले मन फुकाएर सहयोग गरेको पाइएको छ ।

यहाँस्थित निजी विद्यालय, सहकारी संस्था र विभिन्न संघसंस्था र व्यक्तिगत रुपमा पनि सहयोग गर्ने क्रम जारी रहेको छ । पछिल्लो पटक आज बाढीपहिरोबाट प्रभावित परिवारका लागि निजगढ( ७ स्थित निजगढ विद्यासागर इङ्गलिस बोडिङ्ग स्कुलले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ लाख ११ हजार १ सय ११ रुपैयाँ सहयोग गरेको छ ।

बाढीपहिरोबाट प्रभावित परिवारलाई राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले विद्यालयको तर्फबाट उक्त रकम प्रदान गरिएको विद्यासागर स्कुल सञ्चालक अध्यक्ष भोलाप्रसाद गौतमले जानकारी दिनुभयो । विपद्को कठिन परिस्थितिमा पीडित परिवारलाई विद्यालयले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त रकम सहयोग गरेको उहाँको भनाइ छ ।

त्यस्तै निजगढ ७ स्थित सगरमाथा सहकारी संस्थाले पनि बाढी प्रभावितका लागि २५ हजार ६ सय पच्चीस रुपैयाँ र निजगढ ७ कै जनज्योति सामुदायिक वन समूहले पनि २१ हजार रुपैया सहयोग गरेको छ ।

रसुवा, धादिङ, गोरखा र तनहुँमा आएको विनाशकारी बाढीपहिरोबाट प्रभावित परिवारका लागि सहकारीले आज प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २५ हजार ६ सय पच्चिस रुपैयाँ सहयोग गरेको हो ।

बाढीपहिरोबाट प्रभावित परिवारलाई राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले सहकारीको तर्फबाट उक्त रकम प्रदान गरिएको अध्यक्ष रुद्रप्रसाद धितालले जानकारी दिनुभयो ।

विपद्को कठिन परिस्थितिमा पीडित परिवारलाई सहयोग गर्न सहकारीले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त रकम सहयोग गरेको वन समूहका अध्यक्ष खडगप्रसाद मोक्तानले बताउनुभयो ।

निजगढ ५ स्थित सार्वजनिक माविका छात्रछात्राहरुले पनि आफ्नो खाजा खर्च बापतको रकम कटाएर ३ हजार ५२० रुपैया सहयोग गरेको विद्यालयका प्रधानाध्यापक हस्तबहादुर लामाले जानकारी दिनुभयो ।

यसअघि बुधवार निजगढ राइडर्स क्लबले बाढी प्रभावितहरुका लागि २३ हजार १६६ रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाएको क्लबका एक सदस्य नेत्र कार्कीले बताउनुभयो ।

त्यस्तै निजगढ ६ स्थित श्रीकृष्ण प्रणामी मन्दिर सडकटोल, निजगढ ३ माथिल्लो सिमलचौर स्वास्थ्य आमा समूह, मेचीमहाकाली बुहारी संयुक्त आवाज निजगढलगायत विभिन्न संस्था र दाताहरुले बाढी पीडितलाई आर्थिक सहयोग गरेका थिए ।

बाढीपहिरोबाट प्रभावित परिवारमा राहत, उद्धार र पुर्नस्थापनाको लागि श्रीकृष्ण प्रणामी मन्दिरले ५१ हजार रुपैया सहयोग गरेको भने निजगढकै मेचीमहाकाली संयुक्त बुहारी आवाजले पनि प्रधानमन्त्री राहत कोषमा २५ हजार रुपैया सहयोग गरेको संस्थाकी अध्यक्ष चन्द्रिका पुलामी

बाँकी तेस्रो पेजमा

## करैयामाईले बाढीपीडितलाई २० लाख सहयोग गर्ने

दुष्यन्त चौधरी

कलैया, १८ भदौ/बाराको करैयामाई गाउँपालिकाले भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि २० लाख ५४ हजार १०६ रुपैयाँ ५० पैसा सहयोग गर्ने भएको छ ।



गाउँपालिकाले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको हो । गाउँपालिकाले जारी गरेको प्रेस विज्ञप्तिमार्फत विपद्को कठिन परिस्थितिमा बाढी प्रभावित परिवारलाई सहयोग पुऱ्याउने उद्देश्यले रकम उपलब्ध गराउन लागिएको जनाएको छ ।

गाउँपालिकाका अनुसार विपद् व्यवस्थापन कोषबाट २ लाख ५१ हजार रुपैयाँ, जनप्रतिनिधिबाट २ लाख ९८ हजार २५० रुपैयाँ, गाउँपालिकाका कर्मचारीबाट ६ लाख ८२ हजार ९५१ रुपैयाँ ५० पैसा तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीबाट ८ लाख २१ हजार ९०५ रुपैयाँ संकलन गरिनेछ ।

जनप्रतिनिधितर्फ गाउँपालिका अध्यक्षले एक महिनाको सेवा सुविधा तथा अन्य जनप्रतिनिधिले १५ दिनको सेवा सुविधा सहयोग गर्ने भएका छन् । त्यस्तै, अधिकृतस्तरका कर्मचारीले सात दिन, सहायकस्तरका कर्मचारीले पाँच दिन र श्रेणीविहीन सहयोगीस्तरका कर्मचारीले दुई दिनको तलब सहयोग गर्ने जनाइएको छ ।

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीले समेत तोकिएको अवधिको तलब सहयोग गर्ने भएका छन् ।

गाउँपालिकाले बाढी प्रभावित क्षेत्रमा उद्धार, राहत र पुनःस्थापनाका लागि सरकारी तथा गैरसरकारी निकाय, निजी क्षेत्र, पेशागत संघ(संस्था तथा आम नागरिकलाई आ(आफ्नो क्षेत्रबाट सहयोग गर्न आग्रह गरेको छ ।

प्रेस विज्ञप्तिमा करैयामाई गाउँपालिकाका अध्यक्ष शम्भु प्रसाद यादव, उपाध्यक्ष सुनैना कुमारी चौधरी र प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले संयुक्तरूपमा हस्ताक्षर गरेका छन् ।

## भोटेकोशी बाढीमा मधेस प्रदेशका हराइरहेका ३० सम्पर्कमा, १६२ जना अझै सम्पर्कविहीन

जनकपुरधाम, १८ भदौ/रसुवाको भोटेकोशी नदीमा आएको बाढीमा हराइरहेकामध्ये मधेस प्रदेशका ३० जना परिवारको सम्पर्कमा आएका छन् ।



मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार बाढीमा परेर हराइरहेका मधेस प्रदेशका १९२ जनामध्ये ३० जना टेलिफोनमार्फत सम्पर्कमा आएको र १६२ जना अझै सम्पर्कविहीन रहेका छन् ।

सम्पर्कविहीनमध्ये पर्साको वीरगञ्ज महानगरपालिका बस्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ, श्याम मोक्तान, बाराको कलैया उपमहानगरपालिका( २२ का सत्यम राम, स्वर्ण गाउँपालिका( ३ का रुपेश गुप्ता सम्पर्कमा आएको प्रवक्ता ढकालले बताउनुभयो ।

यस्तै, रौतहटको गढीमाई नगरपालिका( ७ का मोविदा खातुन, सकिना खातुन, सलमान अन्सारी, रौतहटकै ईशनाथ नगरपालिका( ४ का सेख मजिद, रौतहटको चन्द्रपुर नगरपालिका पवित्रा नेपाल सिलवाल र सम्राट सिलवाल पनि सम्पर्कमा आएको प्रवक्ता ढकालले बताउनुभयो ।

त्यस्तै, सर्लाहीको लालबन्दी नगरपालिका(१ का वृजकिशोर दास, सुनिता दास, बागमती नगरपालिका( ६ का दिपेश थापा, महोत्तरीको जलेश्वर नगरपालिका( १ का राकेशकुमार यादव, ई विपीनकुमार मण्डल, श्रीकेश यादव, लोहारपट्टी गाउँपालिका युवराज पाण्डे, ओरही गाउँपालिका( ९ का सचिनकुमार यादव, गौशाला नगरपालिका( ६ का आदित्यनारायण यादव र बर्दिवास नगरपालिकाका विकास भारती

बाँकी तेस्रो पेजमा

## हवाई इन्धन चोरी आरोपमा वीरगञ्जबाट पक्राउ परेकाहरू धरौटीमा छुटे

वीरगञ्ज, १८ भदौ/हवाई इन्धन चोरी गरेको अवस्थामा पक्राउ परेकालाई पर्सा जिल्ला अदालतले धरौटीमा छाडेको छ । भदौ २१ गते पक्राउ परेका ७ मध्ये ६ जनालाई मंगलबार पर्सा जिल्ला अदालतले धरौटीमा छाडन आदेश दिएको हो ।

चार जनालाई जनही २५ हजार र दुई जनालाई जनही ४५ हजार धरौटीमा छाडन आदेश दिइएको पर्सा जिल्ला अदालतका श्रेस्तेदार प्रभाकर मल्लिकले बताउनुभयो । उहाँका अनुसार मंगलबार अबेरसम्म चलेको बहसमा अदालतले ६ जनालाई धरौटीमा छाडन आदेश दिएको हो भने मुख्य अरोपी सुनैन मियाँको हकमा केही आदेश नभएको जनाइएको छ ।

अदालतले उमेश राना मगर र मन्द सिंह लामासँग जनही ४५ हजार धरौटी माग गरेको छ भने असलम हवारी, रफिक मियाँ, सन्देश राना मगर र केशर राना सुनारसंग जनही २५र२५ हजार रुपैयाँ धरौटी माग गरिएको हो । पेट्रोल पम्पका सञ्चालक सुनैन मियाँ भने अदालतमा हाजिर नभएको हुँदा

बाँकी तेस्रो पेजमा

## फेटा गाउँपालिकाद्वारा बाढीपीडितलाई १९ लाख सहयोग

कलैया, १८ भदौ/रसुवाको भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि बाराको फेटा गाउँपालिकाले १९ लाख २ हजार ६३३ रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरेको छ ।




विपद्को घडीमा बाढीपीडितलाई मद्दत पुऱ्याउने उद्देश्यले गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र शिक्षकहरूको योगदानमा उक्त रकम सहयोग गर्न लागिएको हो ।

उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय भएको गाउँपालिका अध्यक्ष रुस्तम अन्सारीले जानकारी दिनुभयो । अध्यक्ष अन्सारीका अनुसार गाउँपालिका अन्तर्गतका विद्यालयका शिक्षक तथा कर्मचारीको तलबबाट सात लाख ९० हजार पाँच सय रुपैयाँ, स्थायी तथा करार कर्मचारीको तलबबाट पाँच लाख आठ सय ५० रुपैयाँ, विपद् व्यवस्थापन कोषबाट पाँच लाख पाँच हजार, जनप्रतिनिधिको सेवासुविधाबाट एक लाख ६ हजार दुई सय ८३ रुपैयाँ गरी १९ लाख २ हजार ६३३ रुपैयाँ कोषमा जम्मा हुनेछ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राकेश ओझाका अनुसार पालिकाभित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले पनि आफ्नो सेवा सुविधाबाट रकम कटौती गरी सहयोग गरेका हुन् ।

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# मानवीय संवेदना र सरकारको दायित्व

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले निम्त्याएको अभूतपूर्व मानवीय संकटको घाउ अझै आलै छ ।

यस महाविपत्तिमा परेर एक हजार दुई सयभन्दा बढी नागरिकले ज्यान गुमाएको र हजारौँ अझै बेपत्ता रहेको तथ्याङ्कले त्रासदीको गहिराइलाई पुष्टि गर्छ । यति ठूलो संख्यामा फेला परेका शवहरूको सङ्कलन, पहिचान र व्यवस्थापन गर्ने कार्य आफैँमा चुनौतिपूर्ण छ । संकटको यस कठीन घडीमा नेपाल प्रहरीसहितका सुरक्षा निकायहरूले चौबीसै घण्टा खटिएर शव सङ्कलन तथा प्राथमिक प्रक्रिया पूरा गर्न देखाएको सक्रियता सह्रानीय छ ।

तर, पहिचान नखुलेका बेवारिसे शवहरूको अन्तिम व्यवस्थापनमा सरकारले अपनाएको हतारो र प्रक्रियागत कमजोरीका कारण अहिले सर्वत्र आलोचना सुरु भएको छ ।

बाढीपछि त्रिशूली र नारायणी नदी हुँदै देशका विभिन्न जिल्लाहरूमा पुगेका शवहरूलाई 'पहिचान नखुलेको' भन्दै सामूहिक रूपमा जमिनमुनि गाड्ने कार्य तीव्र पारिएको छ। गृह मन्त्रालयले 'बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०८३' लाई हतार(हतार संशोधन गरेर चितवनको देवघाट जङ्गल, काठमाडौँको गोकर्णेश्वर, पोखरा तथा पाल्पा जस्ता स्थानमा शवहरू गाड्ने काम गरिरहेको छ ।

जनस्वास्थ्यको जोखिम र शव सडेर जाने अवस्थालाई रोक्न सरकारले चालेको यो कदम प्राविधिक रूपमा उचित सुनिए पनि यसको कार्यान्वयन पक्ष निकै अपरिपक्व र असंवेदनशील देखिएको छ । हजारौँ परिवार आफ्ना प्रियजन जीवितै भेटिने वा कम्तीमा मृत शरीर सुम्पिन पाइने आशामा भौंतारिरहेका बेला, राज्यले पर्याप्त समय नदिई शवहरूलाई नम्बर मात्रै झुन्ड्याएर व्यवस्थापन गर्नु कति न्यायसङ्गत छ?सबैभन्दा ठूलो त्रुटि डिएनए परीक्षण र सूचना प्रवाहमा देखिएको छ ।

सरकारले धेरैजसो शवको डिएनए नमुना सङ्कलन गरिएको दाबी गरे पनि, शोकमा डुबेका आफन्तजनसम्म ती सूचना र पहिचानका हुलियाहरू सहज रूपमा पुग्न सकेका छैनन् । सरकारी अस्पतालहरूमा शव गृह (मर्चरी) को चरम अभाव हुँदा खुला आकाशमुनि टेन्टमा शव राख्नुपर्ने दुर्गति देखियो ।

यसले नेपालको राष्ट्रिय विपद् व्यवस्थापन प्रणाली कति कमजोर र तयारी शून्य छ भन्ने कुरा उदाङ्ग पारेको छ । धार्मिक र सांस्कृतिक रूपमा दाहसंस्कारलाई जीवनको अन्तिम अधिकार मानिने मुलुकमा, आफन्तको चित्कारलाई बेवास्ता गर्दै केवल' संख्या व्यवस्थापन' गर्ने प्रशासनिक शैलीले नागरिकको आत्मसम्मानमा ठेस पुऱ्याएको छ ।

# आतङ्कवादविरुद्धका परिदृश्य




सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकामा भएको आतङ्कवादी आक्रमण यता चलाइएको विश्वव्यापी अभियानले आतङ्कवाद कमजोर बन्दै गएको छ । अमेरिकामाथि आक्रमण गराउने अलकायदा प्रमुख ओसमा विन लादेनलाई एक दशकको प्रयासबाट मारिएसँगै आतङ्कवाद कमजोर बनेको हो । पछिल्ला वर्षमा आतङ्कवादीको सूचीमा रहेका देश र सङ्गठनको सङ्ख्या क्रमशः घट्दै छ । विगत १४ वर्षदेखि गृहयुद्धमा फसेको सिरियालाई अमेरिकाले ४७ वर्षपछि 'आतङ्कवाद प्रवर्धन गर्ने देश' को सूचीबाट औपचारिक रूपमा हटाएको छ । अमेरिकाको वैदेशिक नीतिको यो ठुलो परिवर्तनले पश्चिम एसियाको भूराजनीति र विश्व अर्थव्यवस्थामा नयाँ बहस सिर्जना गरेको छ । सन् १९७९ देखि अमेरिकी प्रतिबन्धमा परेको सिरियाका लागि यो निर्णय ऐतिहासिक अवसर हो । गएको अगस्त २४ मा अमेरिकाका विदेशमन्त्री मार्को रुबियोले सिरियालाई आतङ्कवादी सूचीबाट हटाउने प्रस्तावलाई औपचारिकता दिनुभयो । यसअघि जुलाई ८ मा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले संसद् (कङ्ग्रेस) लाई यस निर्णयबारे औपचारिक सूचना दिनुभएको थियो । अमेरिकी कानुन अनुसारको ४५ दिने समीक्षा अवधिमा संसद्बाट कुनै अवरोध नभएपछि यो निर्णय कार्यान्वयनमा आएको हो ।

अमेरिकी विदेश मन्त्रालयले सन् १९७९ मा तत्कालीन सिरियाली राष्ट्रपति हाफेज अल असदको सरकारमाथि सशस्त्र समूहहरूलाई सहयोग गरेको आरोप लगाउँदै सिरियालाई आतङ्कवादको सूचीमा राखेको थियो । हाफेजका छोरा बसर अल असदको शासनकालभरि पनि यो प्रतिबन्ध यथावत् रह्यो ।१४ वर्ष लामो गृहयुद्धपछि सन् २०२४ को डिसेम्बरमा असदको शासन ढल्यो । असदको पतनपछि सिरियाको नेतृत्व अहमद अल सराको हातमा पुगेको छ । अदालतले असदसहित नौ जनालाई मानवताविरोधी अपराध गरेको भन्दै मृत्युदण्डको फैसला गरेको छ ।

अल सरा कुनै समय अलकायदासँग आबद्ध सशस्त्र समूह 'तहरिर अल साम' का नेता हुनुहुन्थ्यो । अमेरिकाले उहाँको टाउकोको मूल्यसमेत तोकेको थियो । सत्ता समालेपछि उहाँले पश्चिमा मुलुकसँग सम्बन्ध सुधार गर्ने नीति लिनुभयो । सिरियाको नयाँ सरकारले अन्तर्राष्ट्रिय आतङ्कवादबाट आफूलाई पूर्ण रूपमा अलग राख्ने प्रतिबद्धता जनाएपछि अमेरिकाले सिरियासँगै अल सराको सङ्गठनलाई समेत आतङ्कवादी सूचीबाट हटाएको हो ।

झन्डै पाँच दशक लामो अमेरिकी प्रतिबन्धका कारण सिरिया विश्व वित्तीय प्रणालीबाट पूर्ण रूपमा अलग भएको थियो । विदेशी सहयोग, बैङ्किङ कारोबार, सैन्य सामग्री र सर्वसाधारणले प्रयोग गर्ने कतिपय दोहोरो प्रयोगका प्रविधि आयातमा समेत कडा प्रतिबन्ध लागेको थियो । प्रतिबन्ध फुकुवासँगै अब सिरियामा विदेशी लगानी भित्र्याउने कानुनी मार्गप्रशस्त भएको छ । अमेरिकाका अर्थमन्त्री स्कट बेसेन्टले यो कदमले सिरियामा व्यापक आर्थिक तथा राजनीतिक स्थिरता ल्याउन मद्दत गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

युद्धले थलिएको सिरियालाई पुनर्निर्माण गर्न खर्बौं डलरको आवश्यकता छ । अमेरिकी प्रतिबन्ध हट्नुलाई सिरियाली केन्द्रीय बैङ्कका गभर्नर सफवत रस्लानले मुलुकलाई पुनः विश्व आर्थिक प्रणालीमा फर्काउने ऐतिहासिक कदम भनी टिप्पणी गर्नुभएको छ। अमेरिकाको यो कदम केवल एउटा देशलाई प्रतिबन्धमुक्त गर्ने विषय मात्र होइन, यसको पछाडि भूराजनीतिक स्वार्थ पनि लुकेको छ । असद परिवारको शासनकालमा सिरियालाई रुस र इरानले सघाएका थिए । राष्ट्रपति अल सराले अमेरिकी निर्णयको स्वागत गर्दै सिरियाले आफ्नो पीडादायी विगतको पाना पल्टाएर विकास र समृद्धिको नयाँ युगमा प्रवेश गरेको घोषणा गर्नुभएको छ ।

सिरियामा अझै पनि पूर्ण सुरक्षा र लोकतान्त्रिक प्रणाली स्थापित भइसकेको छैन । छिमेकी मुलुकहरू इजरायल र टर्कीसँगको सीमा विवाद कायमै छ । तैपनि सिरियामाथिको अमेरिकी प्रतिबन्ध फुकुवा हुनु पश्चिम एसियाको राजनीतिमा एउटा ठुलो संरचनात्मक परिवर्तन हो । यसले एकातिर १४ वर्ष लामो गृहयुद्धबाट ध्वस्त भएको सिरियालाई अन्तर्राष्ट्रिय सहयोग र लगानीमार्फत बिउँतिने अवसर दिएको छ भने अर्कोतिर पश्चिम एसियामा मस्को र तेहरानको पकडलाई कमजोर बनाउने अमेरिकी चाहनालाई बल पुऱ्याएको छ ।

सन् २०११ मार्चमा 'अरब स्प्रिङ' बाट प्रेरित भई सिरियाको दरा सहरमा तत्कालीन राष्ट्रपति असदको तानाशाही शासनविरुद्ध सर्वसाधारण र विद्यार्थीले शान्तिपूर्ण प्रदर्शन सुरु गरे । सरकारले प्रदर्शनकारीमाथि घातक बल प्रयोग गरेपछि आन्दोलन देशव्यापी फैलियो । सन् २०११ को जुलाईमा यो आन्दोलन गृहयुद्धमा परिणत भयो । सेनाबाट विद्रोह गरेका अधिकारीले 'फ्री सिरियन आर्मी' गठन गरे । शान्तिपूर्ण आन्दोलन हतियारबद्ध गृहयुद्धमा बदलियो । सन् २०१२ देखि अन्तर्राष्ट्रिय हस्तक्षेप सुरु भयो । सिरियाली भूमिमा विदेशी शक्तिको प्रभाव बढ्न थाल्यो । इरान र लेबनानको हेजबुल्लाहले असद सरकारलाई सैन्य सहयोग गरे भने अमेरिका, टर्की र खाडी मुलुकहरूले विद्रोही समूहलाई समर्थन गरे । सन् २०१३ अगस्तमा दमास्कसको गुटा क्षेत्रमा भएको भयानक रासायनिक (सारिन ग्यास) आक्रमणमा हजारौँ मानिसको मृत्यु भयो । यस घटनाले विश्वभर ठुलो आक्रोश पैदा गऱ्यो । सन् २०१४ मा आइएसआइएसको उदय भयो । गृहयुद्धको अराजकताको फाइदा उठाउँदै 'इस्लामिक स्टेट' ले सिरिया र इराकको ठुलो भूभाग कब्जा गऱ्यो । त्यसपछि अमेरिकाको नेतृत्वमा आइएसआइएसविरुद्ध अन्तर्राष्ट्रिय सैन्य गठबन्धन बन्यो ।

सन् २०२४ डिसेम्बरमा 'तहरिर अल साम' को नेतृत्वमा विद्रोही गठबन्धनले अप्रत्याशित र तीव्र सैन्य अभियान चलाउँदै दमास्कस कब्जा गऱ्यो । राष्ट्रपति असद देश छोडेर रुस पलायन भएसँगै सिरियामा ५३ वर्ष लामो असद परिवारको शासन र १४ वर्ष लामो गृहयुद्धको औपचारिक अन्त्य भयो । अर्कोतर्फ विगत छ महिनादेखि अमेरिका र इरानबिच युद्ध जारी छ। अमेरिकाले सन् १९८४ देखि इरानलाई विश्वकै सबैभन्दा सक्रिय आतङ्कवाद प्रवर्धक राष्ट्र मान्छ । इरानले पश्चिम एसियामा सक्रिय सशस्त्र समूह जस्तैः लेबनानको हेजबुल्लाह, गाजाको हमास र यमनका हुथी विद्रोहीलाई आर्थिक, भौतिक र सैन्य सहयोग उपलब्ध गराउँदै आएको अमेरिकी आरोप छ । इरानको आणविक कार्यक्रम र क्षेत्रीय प्रभावका कारण अमेरिकाले यसलाई आतङ्कवादीको सूचीबाट हटाएको छैन ।

त्यसै गरी अमेरिकाले कम्युनिस्ट मुलुक उत्तर कोरियालाई सन् १९८८ देखि आतङ्कवादी सूचीमा राखेको छ । सन् २००८ मा यो सूचीबाट हटाए पनि सन् २०१७ मा पुनः राखिएको छ । सन् १९८७ मा दक्षिण कोरियाली नागरिक विमानमा भएको बम विस्फोटपछि उत्तर कोरियालाई पहिलो पटक यो सूचीमा राखिएको थियो ।

बाँकी तेश्रो पेजमा




किस्ताबन्दिमा आफुले खरिद गर्न चाहेको सामानहरु खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाकि रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ । रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरुमा रु १००/- को शेयर रकम बापत लाग्नेछ । किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरित्ताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ । ग्राहकले बाकि रकमको १ चेक १ वर्षको भाखा राखि दिनु पर्नेछ ।

# सांसदहरूले भने - ‘बाढीबाट बेपत्ता भएकाको खोजी र सुरुङमा फसेकाको चाँडो उद्धार होस्’

काठमाण्डौ १८ भदौ/सांसदहरूले भोटेकोशी(त्रिशूली नदीमा बेपत्ता आफन्तको अवस्थाबारे जानकारी पाउन नसकेका परिवारप्रति दुःख व्यक्त गर्दै खोजी तथा उद्धार कार्यलाई तीव्रता दिन सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको आजको बैठकमा आकस्मिक समयमा आफ्ना धारणा राख्ने धेरैजसो सांसदहरूले बाढीबाट ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली, शोकसन्तप्त परिवारप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन् । उनीहरूले घरवारविहीन तथा विस्थापित नागरिकको उचित व्यवस्थापन गर्दै खोजी, उद्धार, राहत र पुनर्स्थापनामा राज्यका सबै संयन्त्र परिचालन गर्न सभामुखमार्फत सरकारसँग आग्रह गर्नुभयो ।

सांसद गुरूप्रसाद बराल, सिर्जना श्रेष्ठ, ऐनबहादुर महर, गोपाल शर्मा, हरिमोहन भण्डारी, सोम शर्मा, एशुदाकुमारी अर्याल, रेखाकुमारी यादव, हरिनादेवी कामी, मनमाया विश्वकर्मा, सन्दीप राना, प्रेमबहादुर बयक, यज्ञबहादुर बोगटी, कृष्णहरि बुढाथोकी र बसुमाया तामाङले भोटेकोशी बाढीबाट बेपत्ता भएकाको खोजी तीव्र बनाउन आग्रह गर्नुभएको छ ।

त्यस्तै शाहजान खातुन, भरतबहादुर खड्का, केपी खनाल, ओजश्वी शेरचन, बुद्धिप्रसाद पन्त, बुद्धरत्न महर्जन, बलावती शर्मा, रमेशकुमार मल्ल, सीता थपलिया, खडकबहादुर बुढा र प्रकाशसिंह कार्कीले बेपत्ताको खोजी, जलविद्युत् आयोजना तथा सुरुङमा फसेकाको उद्धार, राहत, पुनर्स्थापना, पूर्वसूचना तथा विपद् व्यवस्थापनमा सरकारको गम्भीर ध्यानाकर्षण गराउनुभएको छ ।

सांसद गुरूप्रसाद बरालले बाढी प्रभावित क्षेत्रमा भइरहेको खोजी, उद्धार, राहत तथा पुनर्निर्माण कार्यको निरीक्षण र अनुगमन गर्दै सरकारलाई सहजीकरण गर्न उच्चस्तरीय सर्वदलीय संसदीय समिति गठनका लागि सभामुखमार्फत ‘रुलिङ’ गर्न माग गर्नुभयो ।

सांसद भरतबहादुर खड्काले बाढीमा परेर बेपत्ता नागरिकको छिटोभन्दा छिटो खोजी गर्न सरकारसँग अनुरोध गर्नुभयो । उहाँले आवश्यक परे जुनसुकै देशसँग सहयोग र सहायता लिएर नेपाली नागरिकको जीवन जोगाउन तथा तीन वटै सरकारबीच समन्वय र सहकार्य गर्नुपर्ने बताउनुभयो ।

सांसद केपी खनालले भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावितहरूको खोजी कार्य तीव्र पार्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद ओजश्वी शेरचनले बाढी प्रभावित क्षेत्रमा महामारी फैलिन सक्ने अवस्थातर्फ ध्यान दिन तथा प्रभावितलाई मनोपरामर्श सेवा उपलब्ध गराउन माग गर्नुभयो ।

सांसद बुद्धिप्रसाद पन्तले भोटेकोशी नदीमा आएको बाढीमा परेर पर्सा जिल्लाबाट धेरै जना सम्पर्कविहीन भएकाले परिवारहरू ‘सास र आस’ दुवैको प्रतीक्षामा रहेको बताउँदै खोजी, उद्धार र राहतमा जुट्न आग्रह गर्नुभयो ।

सांसद बुद्धरत्न महर्जनले सम्पर्कविहीनहरूको खोजी तथा उद्धारमा तदारुकता देखाउन र चाडपर्व नजिकिँदै आएकाले विभिन्न राजमार्गका सडक मर्मत गरी ढुवानी सहज बनाउन माग गर्नुभयो ।

सांसद बलावती शर्माले बाढीमा हराइरहेका आफन्तका परिवारप्रति सरकार गम्भीर हुनुपर्ने बताउनुभयो । उहाँले तीन वटै सरकारबीच समन्वय र सहकार्य गरी बाढी प्रभावितको उद्धार तथा राहतमा जुट्नुपर्ने बताउनुभयो ।

सांसद रमेशकुमार मल्लले भोटेकोशीको बाढीमा परेर सल्यान जिल्लाका बालबालिकासहित ५२ जना सम्पर्कविहीन भएकाले आफन्तहरू सकुशल उद्धारको प्रतीक्षामा रहेको बताउँदै उद्धारमा तीव्रता दिन आग्रह गर्नुभयो । उहाँले प्रभावितको गाँस, बास र कपासलगायत मानवीय आवश्यकताको परिपूर्ति र प्रबन्ध मिलाउन माग गर्नुभयो ।

सांसद सीता थपलियाले बाढी आएको आठ दिन बितिसक्दा पनि विभिन्न जलविद्युत् आयोजनामा प्रभावकारी उद्धार हुन नसक्नु गम्भीर विषय रहेको बताउँदै राज्यको पहिलो दायित्व आफ्ना नागरिकको जीवन जोगाउनु रहेको उल्लेख गर्नुभयो ।

सांसद खडकबहादुर बुढाले जलविद्युत् परियोजनामा फसिरहेका नागरिकको उद्धारमा सरकारले कुनै पनि कन्जुस्याइँ गर्न नहुने बताउनुभयो ।

सांसद प्रकाशसिंह कार्कीले जलविद्युत् परियोजना फसिरहेका नागरिकको उद्धारका लागि आवश्यक परे विदेशी देशसँग सहायता र सहयोग लिनुपर्ने बताउनुभयो ।

सांसद ऐनबहादुर महरले उद्धारको माग गरिरहेका नागरिकलाई प्राथमिकतामा राख्न आग्रह गर्नुभयो ।

सांसद एशुदाकुमारी अर्यालले सुरुङभित्र फसेका नागरिक अझै जीवित हुन सक्ने भन्दै कुनै पनि बहानामा खोजी कार्यमा ढिलाइ नगर्न आग्रह गर्नुभयो ।

सांसदहरू रेखाकुमारी यादव र हरिनादेवी कामीले जलविद्युत् आयोजना तथा सुरुङमा खोजी र उद्धार कार्य तत्काल तीव्र बनाउन आग्रह गर्नुभयो ।

सांसद मनमाया विश्वकर्माले भविष्यमा विपद्बाट पर्न सक्ने जोखिम न्यूनीकरणमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सन्दीप रानाले रसुवा( भोटेकोशी(त्रिशूली बाढी प्रभावित क्षेत्रबाट हराइरहेकाहरूको खोजी तथा राहत र उद्धार कार्यमा तीव्रता दिन आग्रह गर्नुभयो ।

सांसद प्रेमबहादुर बयकले देशभर हुने गाडी दुर्घटना न्यूनीकरणका लागि ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद यज्ञबहादुर बोगटीले विपद् प्रभावितका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद कृष्णहरि बुढाथोकीले विपद् आउनुअघि नै जीवन जोगाउने प्रविधिको विकास गर्नुपर्ने तथा विपद्को पूर्वसूचना र तयारीमा ध्यान दिनुपर्ने बताउनुभयो ।

सांसद बसुमाया तामाङले अस्थायी सेल्टरमा गर्भवती, महिला तथा किशोरीका लागि सुरक्षित र मर्यादित व्यवस्था गर्नुपर्ने तथा ज्येष्ठ नागरिकका लागि नियमित स्वास्थ्य परीक्षण र औषधि उपचारको व्यवस्था हुनुपर्ने माग गर्नुभयो ।

सांसद शाहजान खातुनले आठ दिन बित्दा पनि परिवारले आफन्त जीवित भए(नभएको जानकारी पाउन नसकेको बताउँदै सरकार गम्भीर हुनुपर्ने उल्लेख गर्नुभयो ।

सांसदहरू सिर्जना श्रेष्ठ, गोपाल शर्मा, हरिमोहन भण्डारी र सोम शर्माले पनि बाढी प्रभावित तथा उद्धारको प्रतीक्षामा रहेका नागरिकका विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँहरूले बाढी प्रभावितको मानसिक स्वास्थ्य तथा मनोसामाजिक अवस्थाप्रति संवेदनशील हुन, महिला तथा बालबालिकाको सुरक्षा सुनिश्चित गर्न तथा प्रभावितलाई आवश्यक सेवा सहजरूपमा उपलब्ध गराउन पनि सरकारको ध्यानाकर्षण गराउनुभयो

## आतङ्कवादविरुद्धका...

सन् २००८ मा आणविक सम्झौताका क्रममा हटाइए पनि सन् २०१७ मा मलेसियामा किम जोङ उनका सौतेनी दाइको रासायनिक हत्या र अन्तर्राष्ट्रिय आतङ्कवादलाई निरन्तर सहयोग गरेको भन्दै राष्ट्रपति ट्रम्पले यसलाई पुनः सूचीकृत गर्नुभयो । आणविक हतियार परीक्षण र साइबर आक्रमणका कारण उत्तर कोरियामाथि कडा अन्तर्राष्ट्रिय प्रतिबन्ध जारी छन् ।

अमेरिकाले छिमेकी क्युबालाई सन् १९८२ देखि आतङ्कवादीको सूचीमा राखेको छ । सन् २०१५ मा आतङ्कवादी सूचीबाट हटाइए पनि सन् २०२१ मा पुनः राखिएको छ । शीतयुद्धका बेला वामपन्थी विद्रोहीलाई सहयोग गरेको आरोपमा क्युबा आतङ्कवादीको सूचीमा परेको थियो । अमेरिकाका तत्कालीन राष्ट्रपति बाराक ओबामाले सन् २०१५ मा यसलाई सूचीबाट हटाउनुभयो । राष्ट्रपति ट्रम्पले सन् २०२१ को जनवरीमा क्युबाले कोलम्बियाका विद्रोहीलाई शरण दिएको र भेनेजुएलाको शासनलाई सहयोग गरेको भन्दै पुनः आतङ्कवादी सूचीमा राख्नुभयो । क्युबाले यस सूचीकरणलाई राजनीतिक प्रेरित भन्दै सधैँ विरोध गर्दै आएको छ । यसले उसको पर्यटन तथा बैङ्किङ क्षेत्रमा ठुलो असर पारेको छ ।

अतः आतङ्कवादको हतियारले कुनै पनि राष्ट्रलाई फाइदा गर्दैन । यसको आडमा सत्ता चलाउनु आत्मघाती कदम हो । विश्वबाटै आतङ्कवाद निर्मूल गर्न सके मात्र मानवताको विजय हुने छ ।

**साभारः गोरखापत्र**

## भोटेकोशीबाढीपीडित...

मगरले जानकारी दिनुभयो । आर्थिक सहयोगसंगै बाढीबाट ज्यान गुमाएका मृतआत्माको चिरशान्तिको कामना गर्दै मन्दिर परिसरमा १०८ दीप प्रज्वलन समेत गरिएको मन्दिर संचालक समितिका सचिव प्रकाश सापकोटाले जानकारी दिनुभयो ।

यसैगरी निजगढ ३ स्थित माथिल्लो सिमल चौरका महिलाहरुको आमा समूहले पनि बाढी पीडितको लागि १५ हजार रुपैया सहयोग गरेको छ । सो समूहले यस वर्षको तीज पर्वको सामूहिक दर खाने कार्यक्रम स्थगित गरेर त्यसबाट जोगिएको १५ हजार रुपैया प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको समूहकी सदस्य सुनिता सापकोटाले जानकारी दिनुभयो

यसअघि रसुवा बाढी पीडितहरुको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा निजगढ ९ का समाजसेवी एंव होली एन्जल्स इङ्गलिस बोडिङ्ग स्कुलका संस्थापक नारायणप्रसाद उप्रेतीले बाढी पीडितको राहत, उद्धार र व्यवस्थापनको लागि विद्यालयको तर्फबाट १ लाख ५ हजार, निजगढ ९ का युवा समाजसेवी मणिश्वर घिमिरे नेतृत्वको जी टेन समूहले ६६ हजार ७२५ रुपैया, निजगढ ८ का व्यवसायी गोपालकाजी श्रेष्ठले ५५ हजार र निजगढ नगरपालिकाका पूर्व मेयर सुरेश खनालले पनि २५ हजार आर्थिक सहयोग गर्नुभएको थियो ।

त्यसैगरी लायन्स क्लब अफ निजगढ युथले ४७ हजार २६६ रुपैया र लायन्स क्लब अफ निजगढ सिटीले पनि २५ हजार रुपैया राहत कोषमा जम्मा गरेको लायन्स क्लब अफ निजगढ युथका चार्टर प्रेसिडेन्ट इराज कोइरालाले जानकारी दिनुभएको छ ।

## भोटेकोशीबाढीमा...

सम्पर्कमा आएको प्रवक्ता ढकालको भनाइ छ ।

यस्तै, धनुषाको सबैला नगरपालिका लक्ष्मण मेहता, हंसपुर नगरपालिकाका दयावतीदेवी यादव, विजयकुमार यादव, सुरेश पजियार, जनकपुरधाम उपमहानगरपालिका( ४ का रीतिक झा, विक्रम ठाकुर, जनकपुरधाम उपमहानगरपालिका( ११ का सुशान्त यादव, सिरहाको गोलबजार नगरपालिका( १० का टार्जन बलम्पाकी, लहान नगरपालिका( ४ का उमेश यादव र कञ्चनरुप नगरपालिका( ८ का अजय मरिक पनि टेलिफोनमार्फत सम्पर्कमा आएको प्रहरीले जनाएको छ

हालसम्म सप्तरीका ४८ जना, पर्साका ३८ जना, रौतहटका १३ जना, बाराका २३ जना, सर्लाहीका १८ जना, महोत्तरीका १० जना, धनुषाका सात जना तथा सिरहाका १२ जना अझै सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको प्रवक्ता ढकालले बताउनुभयो ।

मधेस प्रदेशका जिल्लाबाट थुप्रै नागरिक सम्पर्कविहीन भएको सूचनाहरु आउने थालेपछि प्रहरी कार्यालयले सम्पर्कविहीन भएकाहरुको विवरण सङ्कलन गर्न थालेको छ ।

बाढी तथा पहिरोपछि परिवार तथा आफन्तको सम्पर्कमा नरहेको भन्दै खोजीका लागि विवरण सङ्कलन गर्न थालिएको उहाँले बताउनुभयो ।

## हवाई इन्धन चोरी आरोपमा...

उनको थुनछेक बहस हुन बाँकी रहेको अदालत स्रोतले जनाएको छ ।

भदौ २ गते अदालतले नै मियाँ बिरामी रहेको भन्दै ५ दिनको म्यादमा अनुसन्धान सकिए फाइल बुझाउन र नसकिए बाहिर राखेर अनुसन्धान गर्न आदेश दिएपछि उनी रिहा भएका थिए । तर अदालतमा प्रहरीले अनुसन्धान सकेर मुद्दा बुझाउँदा पनि मियाँ हाजिर नभएको जनाइएको छ ।

## रसुवा बाढी : ज्यान गुमाउनेको ...

अहिलेसम्म रसुवामा १२७, नुवाकोटमा १७७, धादिङमा ६०, गोरखामा ६९, तनहुँमा ३८, नवलपरासी पूर्वमा २१८, नवलपरासी पश्चिममा २०८ र चितवनमा ३५५ वटा शव भेटिएका छन् ।

प्राधिकरणका अनुसार अहिलेसम्म ११ हजार ९९३ जनाको उद्धार भएको छ । यस्तै चार हजार २१६ जना अझै सम्पर्कविहीन रहेका छन् ।

यस्तै बाढीमा परेर घाइते भएका पाँच हजार १३५ जनामध्ये ३०१ जना उपचारपछि डिस्चार्ज भएका छन् ।

बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार र राहतको काम चलिरहेको छ । यसमा २१ हजार ४०२ जना सुरक्षाकर्मी परिचालन भएका छन् ।






# सर्लाहीका प्रधानाध्यापकलाई कुटपिट गर्नेमाथि कारवाहीको माग

सर्लाही, १८ भदौ/सर्लाहीका शिक्षक सङ्घ, सङ्गठनले बलरास्थित एक विद्यालयका प्रधानाध्यापलाई अर्धनग्न पारेर निर्घात कुटपिट गर्नेविरुद्ध कारवाही गर्न माग गरेका छन् ।

बलरा नगरपालिका( ४, मा रहेको रामसखी मोहित सिंह जनता माध्यमिक विद्यालयका निमित्त प्रधानाध्यापक वीरेन्द्र झामाथि गएको सोमबार दिउँसो विद्यार्थीसहितका व्यक्तिहरुले शरीरको कपडा च्यातच्यूत पारेर लछारपछार पारी कुटपिट गरेका थिए । प्रधानाध्यापक झाले छात्रालाई अशभ्य शब्द प्रयोग गरेको आरोप लगाइएको छ ।



सोही आरोपमा प्रधानाध्यापक झामाथि कुटपिट गर्नुका साथै उहाँले निजी कारमा समेत तोडफोड गरेर क्षति पुऱ्याइएको थियो । उक्त घटनाको विषयलाई लिएर नेपाल शिक्षक महासङ्घ सर्लाहीसहित अन्य शिक्षक सङ्घसङ्गठनले प्रेस विज्ञप्ती जारी गरी प्रधानाध्यापक झामाथि भएको अमानविय व्यवहारप्रति घोर भर्त्सना गर्दै घटनाको छानविन गरी दोषीलाई कडा कारवाही गर्न माग गरेका हुन् ।

प्रधानाध्यापक झालाई दुर्व्यवहार गर्नेमाथि भदौ २२ गतेभित्र कडाभन्दा कडा कारवाही नभएको खण्डमा सर्लाही जिल्लाका सम्पूर्ण विद्यालयको पठनपाठन बन्द र अन्य शैक्षिक गतिविधिमा पर्न जाने असरको सम्पूर्ण जिम्मेवारी सम्बन्धित पक्षहरुले स्वयं लिनुपर्ने विज्ञप्तिमा उल्लेख गरिएको छ ।

नेपाल शिक्षक महासङ्घ सर्लाहीका अध्यक्ष प्रवीणकुमार पासवान, पानको केन्द्रीय सदस्य विनिताकुमारी साह, नेपाल विद्यालय कर्मचारी परिषद् सर्लाहीका अध्यक्ष नारायणप्रसाद यादव, नेपाल शिक्षक सङ्घ सर्लाहीका अर्थ सचिव नागेन्द्रप्रसाद यादव, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन सर्लाहीका सदस्य वीरेन्द्र राय यादव र प्रधानाध्यापक सङ्घ सर्लाहीका अध्यक्ष रामकिशोर महतोले प्रेस विज्ञप्ति जारी गरी प्रधानाध्यापकमाथि भएको कुटपिटको घटनाका दोषीलाई कारवाहीको माग गरिएको हो ।

शिक्षकहरुले प्रमुख जिल्ला अधिकारी (सिडिओ) विजयराज सुवेदीसँग समेत भेट गरी घटनाबारे ध्यानाकर्षण गराएका छन् । सर्लाही प्रहरीले सो घटनामा संलग्न रहेकामध्ये बलरा नगरपालिका(२, बस्ने २० वर्षीय अभिषेक कापडलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ ।

प्रधानाध्यापक झाले भने आफूले कुनै पनि छात्रामाथि अशम्भ शब्द प्रयोग नगरेको दावी गर्नुभएको छ ।

# नेकपा एमाले मधेस प्रदेश कमिटीमा बाराका आठ नेता मनोनित

कलैया, १८ भदौ/नेपाल कम्युनिस्ट पार्टी (एमाले) मधेस प्रदेश कमिटीको सदस्यमा बाराबाट आठ जना नेताहरू मनोनित भएका छन् ।

बर्दिबासमा भदौ १४ गते बसेको एमाले प्रदेश सचिवालय बैठकले मधेस प्रदेशभरिबाट कुल ६० जनालाई कमिटीमा मनोनित गर्ने क्रममा बाराका आठ जनालाई जिम्मेवारी दिएको हो ।

प्रदेश कमिटी सदस्यमा मनोनित हुनेहरूमा जनप्रतिनिधिदेखि पूर्व प्रदेश कमिटी सदस्यसम्म रहेका छन् । मनोनित हुनेहरूमा मधेस प्रदेश सभा सदस्य राजपति देवी जयसवाल, कलैया उपमहानगरपालिकाका मेयर विनोद साह, निजगढ नगरपालिकाका मेयर सुरथ पुरी, एमाले प्रदेश कमिटीका पूर्व सदस्य आनन्द थामी, एकबहादुर श्रेष्ठ, इश्वर ढकाल, कौशल सिंह र ताराचन्द्र साह रहेका छन् ।

पार्टीको संगठन विस्तार तथा प्रादेशिक संरचनालाई थप सुदृढ बनाउने उद्देश्यले बर्दिबास बैठकबाट यो निर्णय गरिएको एमालेले जनाएको छ ।

# वीरगञ्जमा अचेत भेटिएका गोरखापत्र दैनिकका पूर्वमहाप्रबन्धक उपाध्यायको निधन

वीरगञ्ज, १८ भदौ/गोरखापत्र दैनिकका पूर्वमहाप्रबन्धक वसन्तप्रकाश उपाध्यायको निधन भएको छ ।

तनहुँको भानु नगरपालिका १ भन्सार पुलका ५५ वर्षीय उपाध्याय मंगलबार पर्साको वीरगञ्ज महानगरपालिका ४ स्थित गहवामाई मन्दिर अगाडिको चौतारोमा अचेत अवस्थामा भेटिएका थिए ।



स्थानीयले अचेत देखेपछि प्रहरीलाई खबर गरेका थिए । वडा प्रहरी कार्यालय विर्ताबाट खटिएको टोलीले उहाँलाई उद्धार गरी उपचारका लागि नारायणी अस्पताल वीरगञ्ज पुऱ्याएको थियो ।

अस्पताल पुऱ्याएपछि चिकित्सकले उपाध्यायको निधन भइसकेको पुष्टि गरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिनुभयो

# रसुवा बाढीमा ज्यान गुमाएकाको सम्झनामा भदौ २२ गते राष्ट्रिय शोक मनाउने सरकारको निर्णय

काठमाण्डौ १८ भदौ/सरकारले रसुवा बाढीमा ज्यान गुमाएकाहरूको सम्झनामा राष्ट्रिय शोक दिवस मनाउने निर्णय गरेको छ ।

आज बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय शोक दिवसको निर्णय गरेको सरकारका प्रवक्ता एवम् शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले जानकारी दिनुभयो ।

बाढीको १३औं दिन यही २२ गते सोमवार सरकारले शोक दिवस मनाउन लागेको हो । त्यस दिन नेपालभरका सरकारी कार्यालय तथा विदेशमा रहेका नेपाली दूतावास एवम् नियोगहरूमा नेपाली झण्डा आधा झुकाउने निर्णय पनि भएको छ ।

यस्तै अघिल्लो वर्ष भदौ २३ र २४ गते भएको नवयुवा आन्दोलन र शहीदको सम्मानमा २३ गते देशभर सार्वजनिक बिदा दिने निर्णय भएको छ ।

यस्तै सरकारले भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि एशियाली विकास बैंक (एडीबी) बाट प्राप्त हुने पाँच मिलियन अमेरिकी डलर अर्थात् ७५ करोड ४८ लाख रुपैयाँ अनुदान स्वीकार गरेको छ ।

बैठकले बाढीबाट प्रभावित व्यक्ति, उद्योग, व्यापार(व्यवसायलाई तत्काल सञ्चालनमा ल्याउन एकीकृत व्यावसायिक पुनरुत्थान योजनाअन्तर्गत राहत, कर तथा महसुल छुटलगायतका सहुलियत र सुविधा उपलब्ध गराउने निर्णय गरेको छ ।



सरकारले साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई एक प्रतिशत भन्सार महसुलमा २५ हजार मेट्रिक टन चिनी आयात गर्न स्वीकृति दिएको छ ।

बैठकले भोटेकोशी बाढीपछि खोज तथा उद्धारमा खटिएका सुरक्षाकर्मी तथा राष्ट्रसेवक कर्मचारीलाई जोखिम भत्ता र खाजा खर्च उपलब्ध गराउने निर्णय गरेको छ । यसैगरी उद्धारका क्रममा घाइते भएमा निःशुल्क उपचार तथा ज्यान गएमा मृतकका परिवारलाई प्रतिमृतक १० लाख रुपैयाँ राहत उपलब्ध गराइने भएको छ ।

मन्त्रिपरिषद् बैठकले नेपाल प्रशासन सेवाअन्तर्गत राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा नारायणप्रसाद भट्टलाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको प्रमुख सचिवमा पदस्थापन गर्ने निर्णय गरेको छ ।

## शुक्रबारबाट लगातार ५ दिन बिदा

निजगढ, १८ भदौ/भोलि शुक्रबारदेखि लगातार ५ दिन सार्वजनिक बिदा परेको छ ।

मन्त्रिपरिषद् बैठकले थप २ दिन सार्वजनिक बिदा दिने निर्णय गरेसँगै लगातार ५ दिन बिदा परेको हो ।

भदौ १९ गते गौरा पर्व र श्रीकृष्ण जन्माष्टमी, २० गते शनिबार नियमित बिदा, २१ गते आइतबार पनि नियमित बिदा, २२ गते रसुवा बाढीमा ज्यान गुमाएकाको सम्मानमा शोक बिदा, २३ गते गत वर्ष भएको जेनजी आन्दोलनका शहीदको सम्मानमा देशभर सार्वजनिक बिदा दिने निर्णय सरकारले गरेपछि लगातार ७ दिन बिदा हुने भएको हो ।

# मकवानपुरगढीमा आगलागी, घरसहित २५ लाखको क्षति

हेटौंडा, १८ भदौ/मकवानपुरगढी गाउँपालिका( ४ ज्वालादेवीमा आगलागी हुँदा एक घर पूर्ण रूपमा जलेर नष्ट भएको छ ।

स्थानीय इन्द्रबहादुर कठायतको दुई कोठे कच्ची घर र घरसँगै रहेको भान्साकोठामा बुधबार राति अचानक आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिनुभयो ।

इँटा र काठले बनेको तथा जस्ताको छानो भएको घरमा आगलागी भएपछि हेटौंडा उपमहानगरपालिकाको बारुणयन्त्र र स्थानीयवासीको सहयोगमा करिब दुई घण्टापछि बिहीबार बिहान आगो पूर्ण रूपमा नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

आगलागीबाट घर तथा भान्साकोठासहित लत्ताकपडा, भाँडावर्तन, काठपात, नगद ७० हजार, चार तोला सुन, एउटा डुक मोटरसाइकल, फोटोग्राफीमा प्रयोग हुने एउटा क्यामरा र कम्प्युटरको एक सेट जलेर नष्ट भएको पीडितले प्रहरीलाई जानकारी दिएका छन । पीडितका अनुसार आगलागीबाट करिब २५ लाख रुपियाँ बराबरको क्षति भएको छ ।

आगलागीबाट कुनै मानवीय तथा चौपाया क्षति नभएको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुसन्धानका क्रममा विद्युत् सर्ट भएर आगलागी भएको हुनसक्ने प्रहरीको अनुमान छ ।

# रसुवा बाढी : ज्यान गुमाउनेको संख्या एक हजार २५२ पुग्यो, चार हजारभन्दा धेरै सम्पर्कविहीन

काठमाण्डौ १८ भदौ/गएको १० गते बुधवार रसुवाको भोटेकोशी नदीमा आएको बाढीमा परेकामध्ये अहिलेसम्म एक हजार २५२ जनाको शव भेटिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार दिउँसो १२ बजेसम्म ८ वटा जिल्लामा यी शव भेटिएका हुन् ।

बाँकी तेश्रो पेजमा


## श्री जनजागृति सुन्दर सामुदायिक वन उपभोक्ता समूह
## निजगढ न.पा-५, बारा

## काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०५/१८

यस श्री जनजागृति सुन्दर सामुदायिक वन उपभोक्ता समूह, निजगढ नगरपालिका वडा नम्बर ५, बाराको वन क्षेत्रबाट उत्पादन भइ समूहको घाटगद्दी स्थानमा विभिन्न लटमा जात छुट्याएर राखिएको निम्न बमोजिमको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रचलित कानुन बमोजिम उद्योग दर्ता तथा नवीकरण भएको र वन नियमावली २०७९ को नियम १२८ बमोजिम वन कार्यालयमा सुचिकृत एंव अध्यावधिक भएको इच्छुक संस्था, फर्म, कम्पनी वा उद्योगले समूहको कार्यालय वा डिभिजन वन कार्यालय बारा सिमराबाट बोलपत्र खरिद गरी सूचना प्रकाशित मितिले २१ (एक्काइस) दिनभित्र रीतपूर्वकको सिलबन्दी बोलपत्र दाखिला गर्नुहोला ।

तपसिल

| क्र.सं. | जात | थान | क्यूफिट |
|---|---|---|---|
| १ | खयर | २०८ | ४२५.३४ क्यूफिट |
| २ | अस्ना | २१ | २४३.३६ क्यूफिट |
| ३ | कर्मा | ९ | ६९.३७ क्यूफिट |
| ४ | धुर्रा | ४ | ३३.९५ क्यूफिट |

पुनश्चः यस सम्बन्धी पूर्ण व्यहोराको सूचना वन समूहको कार्यालय र डिभिजन वन कार्यालय, बाराको सूचना पाटीमा समेत टाँस गरिएको छ । साथै, विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**श्री जनजागृति सुन्दर सामुदायिक वन उपभोक्ता समूह, निजगढ न.पा- ५, बारा**

वन समूहको सम्पर्क नम्बर : ९८०३०२३५२६, ९८४५२२४१३०, ९८११११२३८६, ९७६४८०८४६३ र
डिभिजन वन कार्यालयको सम्पर्क : ९८६५१७३२८३


# धनुषामा ठूलो परिमाणमा लागूऔषध गाँजा बरामद

जनकपुरधाम, १८ भदौ/धनुषा प्रहरीले एक सय किलोभन्दा बढी अवैध लागूऔषध गाँजा बरामद गरेको छ । नगराइन नगरपालिका ५ स्थित खिरखिरिया जाने भित्री बाटो नजिकैको झाडीबाट प्रहरीले लागूऔषध गाँजा बरामद गरेको हो । इलाका प्रहरी कार्यालय लग्माजटहीबाट खटिएको प्रहरी टोलीले उक्त स्थानमा खोजतलास गर्दा प्लास्टिकमा बेरिएका ९ वटा पोका फेला पारेको थियो ।



बरामद गरिएको लागूऔषध गाँजा जिल्ला प्रहरी कार्यालय धनुषामा ल्याई प्लास्टिकबाहेक तौल गर्दा एक सय सात किलो ९९८ ग्राम रहेको पुष्टि भएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.ली., बिरगंज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक :- कमलकुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक :- गोकुल घोरसाइने,, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक :- के. एस. मल्टिप्रपोज प्रा .ली. बिरगंज ,पर्सा ०५१-५९१८७३